काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

# आयोजना कार्यान्वयन निर्देशनालय

अनामनगर, काठमाण्डौ

**आदरणीय जनसमुदायहरूमा हार्दिक अपिल !!!!**

बहुप्रतिक्षित मेलम्ची खानेपानी आयोजनाको पाइपलाइन बिस्तार कार्य करिब-करिब अन्तिम चरणमा आइ पुगेको र सुरूङ निर्माण कार्य पनि सकिनै लागेको आजको अवस्थामा पानी वितरणको लागी यस निर्देशनालय तयारी अवस्थामा रहेको जानकारी गराउन चाहन्छ । निर्माणसँग सम्बन्धित विभिन्न निकाय तथा संस्थाहरूबाट सडक निर्माणको सन्दर्भमा मौजुदा ढलका लाइनहरू विस्थापित गरि नयाँ ढल बिछ्याउने क्रममा यस आयोजना कार्यान्वयन निर्देशनालयले मेलम्चीको पानी वितरण गर्ने प्रयोजनार्थ बिस्तार गरिएका पाइप सञ्जाल विभिन्न स्थानमा क्षत-विक्षत हुने क्रम निरन्तर जारी रहेकोमा निर्देशनालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

यसै यथार्थलाई मनन गर्दै आयोजना कार्यान्वयन निर्देशनालय सबै सम्बन्धित निकायहरू तथा सरोकारवालाहरूलाई यस्तो क्षति पुऱ्याउने कार्य रोकी सडक तथा ढल निर्माण कार्य गर्दा खानेपानीको संवेदनशीलतालाई मध्यनजर गर्दै पाइपलाइनमा क्षती नपुग्ने सुनिश्चितता प्रदान गरिदिनुहुन हार्दिक अपिल गर्दछ । साथै आदरणीय जनसमुदायहरूमा पनि आफ्नो वरपर रहेका पाइपहरू कसैले क्षति पुर्याउन लागेमा त्यस्ता कार्यलाई निरुत्साहित गरी यस आयोजना कार्यान्वयन निर्देशनालयको टोल फ्री नं ११३९ मा खबर गरिदिनुहुन हार्दिक अनुरोध छ । यस सिलसिलामा आम सर्वसाधारण तथा विभिन्न निकायहरूबाट प्राप्त निरन्तर सहयोग तथा समन्वयको लागि यस निर्देशनालय आभार व्यक्त गर्दछ ।